अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**पथरी शनिश्चरे नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड. ४ संख्याः ३ मितिः २०७७/११/१२

भाग २

## लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

कार्यपालिकाद्वारा स्वीकृत मितिः२०७७/११/०७

Scanned with CamScanner

## स्थानीय राजपत्र

## लैङ्गिक हिंसा निवारण कोष
## संचालन कार्यविधि, २०७७

राजपत्र प्रकाशित मितिः२०७७।११।१२

पथरीशनिश्चरे नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी पथरीशनिश्चरे नगरपालिकाको मिति २०७७।११।०७ .को बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

(१) **संक्षिप्त नाम प्रारम्भ :** १. यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष ( सञ्चालन) कार्यविधि" २०७७ रहेको छ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

(२)**परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका भन्नाले पथरीशनिश्चरे नगरपालिका सम्झनु पर्छ।"

(ख "कोष भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ।"

(ग) "पीडीत भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।"

(ग) १"स्थानीय तत्काल उद्धार तथा राहत समिति भन्नाले नियम ७ बमोजिम स्थानीय तहमा गठन हुने स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ।"

(घ) "कार्यालय " भन्नाले पथरीशनिश्चरे नगरपालिकाको कार्यालय सम्झनु पर्छ।"

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायतका हिंसा सम्झनुपर्छ।

पथरीशनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

०७८।११।१२
अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(३) (क) स्थानिय लैङ्गिक हिंसा निवारण कोष :

(१) पथरीशनिश्चरे नगरपालिकाबाट लैङ्गिक हिंसा निवारण कोष नामको एक कोषको स्थापना गरिने छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा रहेको रकम सम्बन्धित स्थानीय तहले नियम ५ को उपनियम (१) बमोजिमको कामको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

**(४)कोषको स्थापना** :(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नगरपालिका बाट प्राप्त हुने रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारले वार्षिक रुपमा गर्ने खर्चको केन्द्र सरकारले तोके बमोजिमको रकम,

(ङ) स्वदेशी व्यक्ति,वा संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**(४) कोषमा रकम जम्मा गर्ने :-** महिला तथा बालबालिकाको हक हितको क्षेत्रमा पथरीशनिश्चरे नगरपालिकाभित्र कार्यरत गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको पथरीशनिश्चरे नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाई कोषमा जम्मा गर्नु पर्ने छ ।

**(५) कोषको रकमको प्रयोग** : (१) कोषको रकम देहायको कामको लागि हिंसा पीडितलाई उपलब्ध गराउन , प्रयोग गरिनेछ

(क) पिडितलाइ तत्काल उद्धार गर्न,

(ख) पिडितको औषधि उपचार गर्न,

(ख १) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने ।



२०७६।११।१२
अम्बिका प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं. १, नेपाल

Scanned with CamScanner

(ग) पिडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल बेहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न ।

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

(ङ) सिपमुलक तालिम प्राप्त पीडितलाई कुनै व्यवसाय वा स्वरोजगारका लागि बीउ पूँजी (सिड मनि) अनुदानको रुपमा प्रदान गर्न , )

(च) पिडितलाई सामाजिक पुर्नस्थापना गराउन,

छ)संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका ,ज्येष्ठ नागरिक तथा अपाङगता भएका व्यक्तिहरुका लागि अल्पकालिन सेवा केन्द्र सन्चालनका लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न ।

ज प्रदेश अन्तर्गत जिल्लामा स्थापना भई संचालन भईरहेका तथा मन्त्रालयले स्थानिय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्र सन्चालनका लागि रकम प्रदान गर्न ,

(झ:) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,

(ञ) समितिले उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी अन्य कार्यका लागि ।

**(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।**

नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

०७८।८।१२
अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"(३) उपनियम (१) बमोजिम कोषको उपयोगको लागि पथरीशनिश्चरे नगरपालिकाले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"

**(६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखि बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**(७) स्थानीय तत्काल उद्धार तथा राहत समिति :**

१.पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने समेत कामको लागि तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

**२.स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ :**

नगर प्रमुख पथरीशनिश्चरे नगरपालिका - सल्लाहकार

(क) नगर उपप्रमुख पथरीशनिश्चरे नगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत पथरीशनिश्चरे नगरपालिका- सदस्य

(ग) इलाका प्रहरी कार्यालय प्रमुख पथरीशनिश्चरे नगरपालिका- सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) महिला तथा बालबालिका शाखा पथरीशनिश्चरे नगरपालिका-सदस्य सचिव

३. उपनियम (२) बमोजिमको गठित समतिकिो सदस्यको पदावधि २ वर्षको हुनेछ ।

४.स्थानीय तत्काल उद्धार तथा राहत समितिको सचिवालय पथरी शनिश्चरे नगरपालिकाको महिला, तथा बालबालिका शाखामा हुनेछ ।

५.स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

२०७८।०६।१२
अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६.उपनियम (१) बमोजिमको समितिले केन्द्रीय तत्काल उद्धार तथा राहत समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

**(८) स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) लैङ्गिक हिंसा निवारण कोष सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र पथरी शनिचरे नगरपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) पीडितलाई तत्काल उद्धार तथा राहत र आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) लैङ्गिक हिंसा निवारण कोषमा रकम थप वा जम्मा गर्न आवश्यक पहल गर्ने ।

(घ) तत्काल उद्धार तथा राहत र आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने, गराउने ।

(ङ) पथरीशनिश्चरे नगरपालिकामा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न सघं, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) कोष वृद्धिको लागि स्रोतको खोजि गर्ने ।

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने ।

(ञ) स्थानीय तत्काल उद्धार तथा राहत समितिले बैठकमा आवश्यकता अनुसार पथरी शनिश्चरे नगरपालिकाको कुनै कर्मचारी पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**(९) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

**१)यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-**

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत

पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा तीन हजारपाँच सय रुपैयाँ सम्म

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दरमा खाना खर्च,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दुई हजार पाँच सय रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नका लागि बीउ पूँजीको रुपमा वस्तुगत नगद अनुदान समेत गरी बढीमा बिस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा दुई हजार पाँचसय रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैयाँ,

(छ) पथरीशनिश्चरे नगरपालिकाको प्रशासकीय कार्यबिधि अनुसार हुनेछ ।

(१०) **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय तत्काल उद्धार तथा राहत समितिमा अनुसुची १ बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग

गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले नियम ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(११) तत्काल रकम उपलब्ध गराउन सक्ने :

(१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाईएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा र संचालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा संचालक समितिको अध्यक्षले आवश्यकता र औचित्यताका आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्ने छ ।

(१२) छुट्टै खाता खोल्नुपर्ने :

(क) (१) स्थानीय तहले नियम ७ बमोजिम प्राप्त भएको रकम स्थानीय लैङ्गिक हिंसा निवारण कोषको नाममा राष्ट्रिय वाणिज्य बैङ्कमा छुट्टै खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२)उपनियम (१) बमोजिमको खाताको सञ्चालक प्रमुख प्रशासकीय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(१३) कोषको लेखा र लेखा परीक्षण :

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(१४)आवर्तित (रिभल्भिङ) कोष : यो कोष आवर्तित (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।

(१५) प्रतिवेदन पेश गर्ने : (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिकाको कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यपालिकाले नगरपालिकाको कार्यालय माफर्त प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(१६) **बैठक भत्ता** : समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

(१७) **निर्देशन दिन सक्ने** : (१) नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(१८) **अनुसुचि संशोधन** : नगरपालिकाले आश्यकता अनुसार स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचिमा संशोधन वा थपघट गर्न सक्नेछ ।

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

अम्बिका ... प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि १



Scanned with CamScanner

(नियम ११को उपनियम (१) सँग सम्बन्धित)

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्षज्यू,

स्थानीय तत्काल उद्धार तथा राहत समिति,पथरी शनिश्चरे नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

पथरी, मोरङ ।

म ............मा बस्ने वर्ष.............. को ..................... मिति ..................... मा लैङ्गिक हिंसा बाट पीडित भएको छु। मेरो आर्थिक स्तर समेत कमजोर रहेको छ। म उक्त लैङ्गिक हिंसा ............ भएको कारणले मेरो मानसिक /शारीरिक/सामाजिक अवस्था कमजोर भई असहाय अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार /कानूनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/ स्वरोजगार/पुर्नस्थापना/अन्य ..................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन भी निवेदन पेश गरेको छु।

निवेदकको

नाम थर .....................

ठेगाना .....................

दस्तखत .....................

मिति .....................



Scanned with CamScanner